फोन/फ्याक्स नं. : ४४६५३६२
इमेल: sahakaribivag@gmail.co

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# सहकारी विभाग

नयाँ बानेश्वर, काठमाडौं
(सम्पत्ति शुद्धीकरण इकाई)

**अत्यन्त जरुरी**

पत्र संख्या :- ०७५/७६
चलानी नं.:- 659

मिति: २०७५।११।२०

बिषय – निर्देशनको व्यवस्था कार्यान्वयन र प्रतिवेदन पठाउने सम्बन्धमा ।

श्री सवै विभागीय नियमन क्षेत्राधिकार भित्रका सहकारी संस्थाहरु, (११६ वटा)

सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सम्वद्ध सवै कानूनको पालना हालको उच्च राष्ट्रिय प्राथमिकताको विषय रहेको सन्दर्भमा सो अनुसारका कानूनीव्यवस्थाहरुको परिपालना र सोको लागि आवश्यक प्रणालीगत व्यवस्थापन गर्नु सवै सहकारी सङ्घसंस्थाहरुको कर्तव्य हो । यसै परिवेशमा सहकारी विभागले "सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघसस्थालाई जारी गरिएको निर्देशन, २०७४" मिति २०७४।१०।१५ मा जारी गरी लागु समेत भई सकेको व्यहोरा सर्वविदितै छ ।

उक्त जारी निर्देशन २०७४ बमोजिमका व्यवथाहरुको कार्यान्वयनको लागि सवै किसिमका प्रणालीगत व्यवथापन तथा सुधार गरी देहाय बमोजिमका सम्पादित कार्यहरुको प्रतिवेदन तथा जानकारी देहायबमोजिम पठाउनुपर्नेमा हालसम्म प्रायस: सवैजसो संस्थाहरुबाट नपठाइएको हुँदा अविलम्ब सो अनुसार गरी पठाउनु हुन आदेशानुसार अनुरोध छ ।

निर्देशनको दफा २४ बमोजिम देहायबमोजिम कार्यान्वयन अधिकारी (कम्प्लायन्स अफिसर) नियुक्ती र सो सम्वन्धी जानकारी :

१. संस्थाको संचालक समितिले सम्पत्ति शुद्धीकरण (मनीलाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७त. को उपदफा (३) बमोजिम ऐन, नियमावली र सो अन्तर्गत जारी निर्देशिका बमोजिमको दायित्व पूरा गर्न व्यवस्थापनस्तरको कार्यान्वयन अधिकारी (कम्प्लायन्स अफिसर) नियुक्ती गर्नुपर्ने ।
२. उपदफा (१) बमोजिम कार्यान्वयन अधिकारीको नियुक्ती नभएसम्मका लाग प्रमुख कार्यकारी अधिकृतले नै कार्यान्वयन अधिकारीको समेत जिम्मेवारी वहन गर्नुपर्ने ।
३. संस्थाले कार्यन्वयन अधिकारीको नाम, ठेगाना, योग्यता, सम्पर्क नम्बर, इमेल लगायतका विवरण वित्तीय जानकारी इकाई र विभागसमक्ष पेश गर्नुका साथै कार्यान्वयन अधिकारी परिवर्तन भएमा वा निजको विवरणमा परिवर्तन भएमा सोको समेत जानकारी पठाउनु पर्ने ।

(क्रमश:.......)

फोन/फ्याक्स नं. : ४४६५३६२
इमेल: sahakaribivag@gmail.co

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# सहकारी विभाग

नयां बानेश्वर, काठमाडौं
(सम्पत्ति शुद्धीकरण इकाई)

अत्यन्त जरुरी

पत्र संख्या :- ०७५/७६
चलानी नं.:-

त्यसैगरी दफा २८ बमोजिम देहाय बमोजिमको प्रतिवेदन :

१. संस्थाले निर्देशनबमोजिम सम्पादन गरेका कार्यहरुको चौमासिक प्रतिवेदन अनुसूची-६ को ढाँचामा उक्त अवधिव्यतित भएको ७ दिनभित्र विभागमा पठाउनुपर्ने

तर बचत तथा ऋणको मुख्य कारोबार नगर्ने संस्थाका साथै रु. पाँच करोड भन्दा कम जायजेथा भएका संस्थाले बार्षिक रुपमा अनुसूची-६ बमोजिमको प्रतिवेदन उक्त अवधि व्यतित भएको ७ दिन भित्र पठाउनु पर्ने ।

साथै त्यस सहकारी संस्था कार्यक्षेत्रको हिसावले यस विभागको प्रत्यक्ष नियमन क्षेत्राधिकार भित्र समेत रहेको कारण सम्पत्ति शुद्धीकरण निवारण ऐन, नियमावली तथा निर्देशनका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन गर्नु गराउनुका साथै नियमानुसार पठाउनुपर्ने जानकारी, विवरण तथा प्रतिवेदन तोकिएको अवधि भित्र तोकिएको निकायमा नियमित रुपमा पठाउने गर्नु हुन र अन्यथा हुन गएमा नियमानुसार भई जाने व्यहोरा समेत यसै पत्रबाट आदेशानुसार अनुरोध छ ।

२०७५/११/२२

(ईश्वर प्रसाद आचार्य)
शाखा अधिकृत

बोधार्थ:
श्री सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग,
पुल्चोक, ललितपुर ।